नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग

नेपाल सरकार
पूर्वाधार तथा यातायात
सडक विभाग
बबरमहल, काठमाडौं
हाल चकुपाट

बबरमहल, काठमाडौं, नेपाल
(हाल: चाकुपाट, ललितपुर)

पत्र संख्या :- २०७५।०७६
चलानी नम्बर :- ४०

मिति : २०७५।०४।२१

**बिषय: लेखापरिक्षण वारे ।**

श्री डिभिजन सडक कार्यालयहरु - ३४
श्री सडक आयोजना / योजना समिति सबै

उपरोक्त सम्वन्धमा मिति २०७५।०४।२१ गते देखि महालेखा परिक्षकको कार्यालयवाट आ.व. २०७४।०७५ को विनियोजन राजस्व धरौटी तर्फको अन्तिम लेखा परिक्षण हुन गइरहेको छ । कार्य तालिका प्राप्त हुने नै छ । लेखा परिक्षणको समयमा देहाय अनुसारको व्यवस्था गर्नु गराउनु हुन जानकारी गराउँछु ।

१. लेखा परिक्षणको समयावधि भर कार्यालय प्रमुख, लेखा प्रमुख, स्टोर प्रमुख र जिम्मेवार प्राविधिक कर्मचारी अनिवार्य रुपमा कार्यालयमा रहने व्यवस्था मिलाउने ।

२. लेखापरिक्षणको लागि आवश्यक श्रेस्ता उपलब्ध गराउनको साथै आवश्यक जानकारी उपलब्ध गराई भए गरेको कार्यको जवाफदेहीता वहन गर्नु हुनेछ ।

३. लेखा परिक्षण पश्चात गरिने छलफलमा दफावार रुपमा भएका छलफलका विषय बैठकको माइन्यूटमा अभिलेखाकंन गरि एक प्रति कार्यालयमा राख्ने र सो को प्रतिलिपि विभागमा अनिवार्य रुपमा पठाउने । उक्त छलफमा कार्यालय प्रमुख, लेखा प्रमुख र सम्वन्धित जिम्मेवार प्राविधिक कर्मचारी समेतको उपस्थिति गराउने ।

४. तहाँ कार्यालयको वेरुजु सम्परिक्षणका लागि आवश्यक श्रेस्ता, प्रमाण पेश गरि डोरमा नै सम्परीक्षण गराउनु हुनेछ । सम्भव भए सम्म वेरुजु शुन्य गराउने तर्फ सज़गता अपनाउनु हुनेछ ।

५. कन्टीन्जेन्सी तर्फको खर्चको आयोजनागत रुपमा हिसाव राखि सो को श्रेस्ता अध्यावधिक गरि लेखा परिक्षण गराउनु हुनेछ ।

.................................
(रविन्द्र नाथ श्रेष्ठ)
महानिर्देशक